# 'बलिवेदी' उपन्यासमा पाइने ऐतिहासिक सन्दर्भ

– डा भुपेन तामाङ
दार्जिलिङ सरकारी महाविद्यालय

**सार** – समीरण छेत्री 'प्रियदर्शी'–को **बलिवेदी** (इ सं १९७०) उपन्यासमा दोस्रो विश्वयुद्धकालीन ऐतिहासिक घटनावलीलाई विषयवस्तुका रूपमा ग्रहण गरी औपन्यासिक कथानक निर्माण गरिएको छ। यस लेखमा औपन्यासिक घटनावली र पात्र एवम् पात्रगत क्रियाव्यापारमा निहित ऐतिहासिकता पहिल्याउने काम गरिएको छ। यस क्रममा इतिहास सम्पृक्त घटनाहरूको सत्य तथ्य जाँचेर ऐतिहासिक तथ्यको प्रस्तुतिमा भएका विचलन खुट्ट्याउने प्रयास पनि गरिएको छ। यस लेखका लागि आवश्यक सामग्री पुस्तकालयीय विधिद्वारा सङ्कलन गरिएको छ। प्राथमिक सामग्रीका रूपमा समीरण छेत्री 'प्रियदर्शी'–को **बलिवेदी** उपन्यास अनि द्वितीय सामग्रीका रूपमा विषयसँग सम्बन्धित विभिन्न पुस्तक तथा लेखहरू उपयोग गरिएका छन्।

**बीज शब्द** – इतिहास, उपन्यास, दोस्रो विश्वयुद्ध, इतिहासको आख्यानीकरण, कथानक, पात्र।

### १ इतिहास र उपन्यास

इतिहास विगतमा घटेका घटनाहरूको विवरण हो। इतिहास तथ्यनिष्ठ हुन्छ। तथ्यलाई इतिहासको मेरुदण्ड मानिन्छ। तथापि इतिहास तथ्यहरूको सङ्कलन मात्र नभएर इतिहासकारद्वारा अतीतको व्याख्यात्मक पुनर्निमाण हुनु पनि हो भन्ने विचार पनि पाइन्छ (शर्मा, वि सं २०५४, पृ–२३)। उपन्यासचाहिँ जीवन–जगत्का समग्रताको इतिवृत्त प्रस्तुत गर्ने बृहत् आकार भएको गद्याख्यान हो।

चित्रणको अवकाश बढी रहने हुनाले उपन्यासमा मानव–जीवनका विविध र विस्तृत आयाम उद्घाटित भएको हुन्छ। औपन्यासिक कथानकका विभिन्न स्रोतमध्ये इतिहास पनि एउटा हो। उपन्यासकारले इतिहासबाट आवश्यक सामग्री ग्रहण गर्दछ तर त्यसको दुरुस्त प्रयोग नगरी कलात्मक रङरोगनद्वारा कथानकको रूप दिँदछ। इतिहासका घटना, पात्र र परिवेशलाई उपन्यासकारले आफ्नो विशिष्ट कलात्मक प्रतिभाद्वारा औपन्यासिक स्वरूप प्रदान गर्दछ (वि सं २०६९, पृ–२६)। यस क्रममा उपन्यासकारले कल्पनाको सहयोग लिँदछ जसले इतिहासको आख्यानीकरणमा सहयोग पुऱ्याउँदछ र उपन्यास रोचक तथा जीवन्त बन्दछ अनि एउटा कोरा दस्तावेज हुनाबाट बाँच्दछ। ''ऐतिहासिक यथार्थलाई इतिहासका तिथिमिति र घटना मात्र ठान्नु औपन्यासिक सन्दर्भमा न्यायोचित छैन'' (प्रधान, वि सं २०६१, पृ–१२७) भन्ने कथनबाट इतिहाससम्मत् तिथिमिति र घटनाहरूको चित्रण गर्दैमा उपन्यास ऐतिहासिक नहुने स्पष्ट हुन्छ। इतिहासलाई आधार बनाएर लेखिएका उपन्यासमा ऐतिहासिक पात्रको उपस्थिति रहेको हुन्छ जसका उपस्थितिले उपन्यासलाई ऐतिहासिकता प्रदान गर्दछ। ऐतिहासिक उपन्यासका मुख्य पात्रहरू इतिहास प्रसिद्ध हुनु पर्दछ भन्ने विचार पनि पाइन्छ (प्रधान, वि सं २०६१, पृ–१२७)। इतिहासमा आधारित उपन्यासहरूमा ऐतिहासिक पात्र मात्र नभएर काल्पनिक पात्रहरू पनि हुन्छन्। यस्ता पात्रहरू उपन्यासकारको काल्पनिक उपज भए तापनि उसका क्रियाव्यापारमा भने ऐतिहासिक आभास पाइन्छ। इतिहास राजा–महाराजा तथा गण्यमान्य एवम् विशिष्ट व्यक्तिहरूको अधिकार क्षेत्र हो जहाँ सामान्य व्यक्तिको प्रवेश वर्जित हुँदछ तर उपन्यासमा राजा–महाराजा, गण्यमान्य, गरीब–दुखी, साधारण व्यक्ति सबैले प्रवेश पाउँछन् र साधारणभन्दा साधारण व्यक्तिले पनि विशिष्ट भूमिका निर्वाह गर्ने अवसर प्राप्त गर्दछ।

### २ दोस्रो विश्वयुद्ध र नेपाली उपन्यास

इ सं १९३९–देखि १९४५–सम्म भएको दोस्रो विश्वयुद्धलाई युद्धका इतिहासमा आजसम्मको सबैभन्दा भयानक युद्धका रूपमा चिनिन्छ। यो युद्ध जर्मनीले पोल्यान्डमाथि आक्रमण गरेपछि सुरु भएको थियो। युरोप, अफ्रिका र एसिया महादेशसम्म फैलिएको यो युद्ध जल, थल र आकाशमा लडिएको थियो। यस युद्धसँग नेपालीहरू पनि प्रत्यक्ष रूपमा जोडिन पुगे। जोन पार्करले आफ्नो पुस्तक **द गोर्खाज**मा दोस्रो विश्वयुद्धमा ब्रिटिस भारतीय सेनामा स्थायी र अस्थायी गरी दुई लाख पचास हजार नेपालीहरू भर्ना भएको उल्लेख गरेका छन् (पार्कर, इ सं २००५, पृ xvii )। संसारका अधिकांश भाषा–साहित्यमा दोस्रो विश्वयुद्धका महाविनाशको कथा पाइन्छ। यस महायुद्धमा नेपालीहरूको पनि व्यापक सहभागिता रहेका हुनाले दोस्रो विश्वयुद्धको प्रभाव र परिणतिलाई नेपाली साहित्यले एउटा विषयका रूपमा ग्रहण गरेको देखिन्छ। दोस्रो विश्वयुद्धकालीन विविध घटना प्रसङ्गलाई पार्श्व वा केन्द्रमा राखेर

नेपालीमा उपन्यासहरू लेखिएका छन्।

लैनसिंह बाङ्गदेलको **मुलुकबाहिर** (इ सं १९४८) उपन्यासमा पहिलो र दोस्रो विश्वयुद्ध सम्बद्ध घटनावली प्रासङ्गिक कथानकका रूपमा रहेका छन्। यस उपन्यासको लेखनकाल इ सं १९४०–१९४६ हुनाले (दाहाल, इ सं २००१, पृ–८७) यस उपन्यासको रचना द्वितीय युद्धकालमा भएको देखिन्छ। इ सं १९३९–मा सुरु भएको दोस्रो विश्वयुद्धका समय बर्माको रङ्गुन भन्ने ठाउँमा शत्रु (जापान)–का हवाईजहाजहरूले बम खसाएर आतङ्क र सन्त्रास फैलाएको अनि भौतिक संरचना ध्वस्त गरिदिएको, फलस्वरूप भय र त्रासका कारणले मानिसहरू आफ्नो घरबार त्यागेर अन्यत्र पलायन भएको वर्णन छ। यसरी यस उपन्यासले विश्वयुद्धका बेला नेपाली युवाहरू संसारका विभिन्न ठाउँमा युद्ध गर्न पुगेका ऐतिहासिक तथ्य, युद्धको विनाश तथा त्यसको आतङ्क र सन्त्रासका कारणले मानव समुदाय अन्यत्र पलायन हुनु परेको स्थितिलाई सङ्क्षेपमा प्रस्तुत गरेको छ। यसपछि देखापरेको शिवकुमार राईको **डाक बङ्गला** (इ सं १९५७) उपन्यासमा पनि दोस्रो विश्वयुद्धकालीन बर्मा लडाइँको प्रासङ्गिक चर्चा मात्र छ। युद्ध सन्दर्भ प्रासङ्गिक रूपमा रहे तापनि दोस्रो विश्वयुद्धकालीन बर्मा युद्धको ऐतिहासिक पृष्ठभूमि, नेपाली युवाहरू दोस्रो विश्वयुद्धमा होमिन परेका बाध्यता, दोस्रो विश्वयुद्धको आतङ्क, सन्त्रास र विनाश,युद्धका कारणले भएको उच्छेदन तथा पलायन र युद्धका विभिन्न कौशलजस्ता विभिन्न प्रसङ्गनहरू यस उपन्यासमा प्रभावकारी ढङ्गमा प्रस्तुत गरिएका छन्।

सुवासका **अजिला** (इ सं १९६६) र **लुङखुम क्याम्प** (इ सं १९६९) दोस्रो विश्वयुद्धको पृष्ठभूमिमा लेखिएका उपन्यासहरू हुन्। **अजिला** उपन्यासमा कर्त्तव्य र प्रेमबिच द्वन्द्व, गोर्खा सिपाहीहरूको कर्तव्यपरायणता, युद्ध कौशल, युद्ध भाषा, युद्धोपकरण, युद्ध अपराधजस्ता विषयहरूको चित्रण गरिएका छन्। पूर्ववर्ती युद्ध विषयक उपन्यासहरूले प्रस्तुत गरेको युद्धको रोमान्टिक व्याख्याबाट केही उन्मुक्त भएर लुङखुम क्याम्प उपन्यासले युद्धभूमिको यथार्थ चित्रण गर्ने कोसिस गरेको छ। यस उपन्यासमा युद्धरत सिपाहीभित्र युद्धका कारणले उत्पन्न मानसिक द्वन्द्वको चित्रण गरिएको छ। युद्धजन्य अमानुषिकताको विरोध यसमा गरिएको छ। नेपालीमा युद्ध नै लडेर त्यसबारे उपन्यास लेख्ने उपन्यासकारको उपस्थिति नगण्य छ। उपन्यासकार सुवासले सैनिक जीवन पनि भोगेका हुनाले उनका युद्ध विषयक उपन्यासहरू महत्त्वपूर्ण छन्।

इ सं १९७० मा प्रकाशित समीरण छेत्री 'प्रियदर्शी'को **बलिबेदी** उपन्यास दोस्रो विश्वयुद्धकालीन बर्मा युद्ध र त्यससँग सम्बन्धित ऐतिहासिक घटनाहरूको विवरणमा बढी केन्द्रित छ। यस उपन्यासले दोस्रो विश्वयुद्धकालीन बर्मा युद्धको बर्बर र वीभत्स चित्र प्रस्तुत गरेको छ। इ सं १९७१ मा प्रकाशित नन्द हाङखिमको **अर्को अनुहार** उपन्यासमा दोस्रो विश्वयुद्धका कारण उत्पन्न मानसिक अभिघातको चित्रण छ। युद्धको नकारात्मक प्रभाव र त्यसका घातक परिणामको चित्रणमा यो उपन्यास केन्द्रित रहेको

छ। दौलतविक्रम विष्टको **चपाइएका अनुहार** (इ सं १९७३) उपन्यासमा दोस्रो विश्वयुद्धका कारणले सैनिकभित्र उत्पन्न युद्ध अभिघात, युद्धको विनाश, अपराधजस्ता विषयको चित्रण गरिएको छ। दोस्रो विश्वयुद्धलाई पृष्ठभूमि बनाएर लेखिएको भगीरथ रावतको **ओस** (इ सं १९७८) उपन्यास नायक सुबेदार देशमान राईको जीवनीमा आधारित जीवनीपरक युद्ध–उपन्यास हो। सैनिक देशमान राईको सन्दर्भबाट दोस्रो विश्वयुद्धमा होमिन पुगेका नेपाली सैनिकहरूको कथा–व्यथा उपन्यासमा चित्रित छ। विश्वेश्वरप्रसाद कोइरालाको **हिटलर र यहुदी** (इ सं १९८३) मा दोस्रो विश्वयुद्धको विभीषिका, संहार, अपराध, भय, सन्त्रासजस्ता विषयको चित्रण गरिएको छ।

गोविन्द शर्माको **लड्न जन्मेकाहरू** (इ सं १९८०) उपन्यासमा पनि दोस्रो विश्वयुद्धकालीन पृष्ठभूमि रहेको छ। घर–परिवार र गाउँ–समाज छाडेर विश्वयुद्धका समय साम्राज्यवादी अङ्ग्रेजहरूका पक्षमा संसारका अज्ञात प्रदेशमा युद्ध लड्न पुगेका र आफ्नो जीवन त्यहीँ पुरिराखेका लाखौँ नेपाली युवाहरूको कथा यस उपन्यासका पात्रहरू दुर्गाबहादुर राई, चन्द्रबहादुर राई, धनकुमार, गोपा, जितबहादुर सुब्बाहरूले प्रस्तुत गरेका छन्। दिलबहादुर गुरुङको **दोस्रो महायुद्धमा आफै होमिँदा** (इ सं १९८०) पनि दोस्रो विश्वयुद्धमा नै आधारित उपन्यास हो। विक्रमवीर थापाको **टिस्टादेखि सतलजसम्म** (इ सं १९८६) उपन्यासमा अङ्ग्रेज–नेपाल युद्ध र पहिलो विश्वयुद्धसँगसँगै दोस्रो विश्वयुद्धबारे आंशिक चर्चा छ। इ सं १९९९ सालमा प्रकाशित प्रेम प्रधानको उदासीन रुखहरू उपन्यासमा दोस्रो विश्वयुद्धको प्रासङ्गिक चर्चा छ। युद्धकालमा भएका सैन्य हिंसा, युद्ध अपराध, युद्ध विनाश, नारी उत्पीडन, युद्धका कारणले सैन्य–हृदयमा उत्पन्न नैराश्य एवम् युद्धविरोधी मानवतावादी चिन्तन उपन्यसासमा पाइन्छ। लीलबहादुर छेत्रीको **प्रतिध्वनिहरू विस्मृतिका** (इ सं २००४) उपन्यासमा दोस्रो विश्वयुद्धको प्रासङ्गिक चर्चा छ। दोस्रो विश्वयुद्ध हुनाका राजनैतिक कारण, युद्धको ऐतिहासिक पृष्ठभूमि, युद्धद्वारा भएको भौतिक विनाश, नरसंहार, सांस्कृतिक र नैतिक ह्रास तथा युद्धकै कारणले एसियाली र अफ्रिकाली देशमाथि युरोपीय देशहरूको प्रभुत्व समाप्त भएको ऐतिहासिक तथ्य आदिको चर्चा उपन्यासमा प्रस्तुत गरिएको छ।

### ३ 'बलिवेदी' उपन्यासमा इतिहास सम्पृक्त घटनावली र पात्र

बलिवेदी उपन्यासमा दोस्रो विश्वयुद्ध सुरु हुनु भन्दा केही अघिको र दोस्रो विश्वयुद्ध समाप्त भएको बीस वर्षपछिको समयावधि औपन्यासिक कालगत परिवेशका रूपमा रहेको छ।

उपन्यासका सुरुमा नै दोस्रो विश्वयुद्ध आरम्भ हुन अघि दार्जिलिङका युवाहरू गल्लावालहरूको षडयन्त्रमा परेर जोरबङ्गलामा अवस्थित गोर्खा रिक्रुटिङ डिपो (जिआरडी) बाट सेनामा भर्ती भएको अनि भर्ती भएका गोर्खा सैनिकलाई बर्मा लगिएको, इ सं १९३९ सालको अन्त्यतिर हिटलरले

पोल्यान्डमाथि आक्रमण गरेको, यस आक्रमणको सफलताले उत्साहित भई हिटलरले युरोप महादेशमा आफ्नो आधिपत्य स्थापित गर्दै लगेको, पूर्व एसियामा जापानले गर्दा युद्ध सुरु भएको, बर्मामा अवस्थित ब्रिटिस गोर्खा सैनिकहरूलाई युद्ध मोर्चामा लगिएको जस्ता इतिहास सम्बद्ध घटनावलीको वर्णन छ। दोस्रो विश्वयुद्धपूर्वका घटनावलीको चित्रणबाट आरम्भ भएको **बलिवेदी** उपन्यासमा मूलतःइ सं १९४२–१९४५ बिचका ऐतिहासिक घटनावली औपन्यासिक पृष्ठभूमिका रूपमा रहेका छन्। विशेषतः भारतको पूर्वोत्तर सीमान्त क्षेत्र र बर्माका लडाइँमा ब्रिटिस गोर्खा फौजले जापानी सेनाविरुद्ध लडेका एवम् जापानी युद्धबन्दीमा परेका गोर्खा सैनिकहरू भारतको स्वतन्त्रताका निम्ति आजाद हिन्द फौजमा भर्ना भई अङ्ग्रेज विरुद्ध लडेका युद्ध, दोस्रो विश्वयुद्धका कारण भएको विस्थापन र पलायन, दोस्रो विश्वयुद्धकालमा युद्धबन्दीहरूसँग भएको बर्बर र पाशविक व्यवहार तथा हत्याजस्ता इतिहास सम्पृक्त घटनावली कथानकीय घटनावलीका रूपमा संयोजित छन्।

### ३.१ आजाद हिन्द फौज र गोर्खा सैनिकहरूको वीरत्वपूर्ण बलिदानको गौरवमय इतिहास

दोस्रो विश्वयुद्धका समय गोर्खाहरूले भारतको पूर्वोत्तर सीमान्त क्षेत्र र बर्मामा धेरै युद्ध लडे। विशेष कोहिमा, मणिपुर, इम्फाल अनि बर्मा गोर्खा सैनिकहरूले लडेका प्रमुख युद्धक्षेत्रहरू हुन्। **बलिवेदी** उपन्यासमा यिनै युद्धक्षेत्रमा ब्रिटिस अधीनस्थ गोर्खा फौज एवम् आजाद हिन्द फौज अधिनस्थ गोर्खा सैनिकद्वारा एकाअर्काविरुद्ध लडिएका विभिन्न युद्ध घटनाहरूको आख्यानीकरण गरी कथानक निर्माण गरिएको छ। दोस्रो विश्वयुद्धका समय सैन्य शक्तिको आपूर्ति हेतु गल्लावालहरूले विभिन्न प्रलोभन देखाएर गाउँ–बस्तीका सिधा–सोझा युवाहरूलाई भर्ती केन्द्रसम्म पुऱ्याउने (लिम्बु, वि सं २०१८, पृ–३२–३६) गरेका ऐतिहासिक घटनाको छाप औपन्यासिक पात्र मोहन थापा गल्लावालहरूको फकाइ–फुस्लाइमा परेर दार्जिलिङको जलपहाडस्थित गोर्खा रिक्रुटिङ डिपोबाट ब्रिटिस गोर्खा सेनामा भर्ती भई बर्माको युद्ध मोर्चामा पुगेको प्रसङ्गमा भेटिन्छ। मोहन थापा, लाखमान राई, हवल्दार रणधोज, पिर्थीमान, सञ्चराज लिम्बु, फगतबहादुर लामिछाने, तीलमान राई, कर्णमान लिम्बु आदि औपन्यासिक पात्रहरू ब्रिटिस भारतीय सेनामा भर्ना भई बर्मामा युद्ध लड्न पुगेका औपन्यासिक घटनाले दोस्रो विश्वयुद्धका समय लाखौँ नेपाली युवाहरू आफ्नो घर–परिवार छाडेर ब्रिटिस भारतीय सेनामा भर्ना भई संसारका अज्ञात प्रदेशमा युद्ध लड्न पुगेका ऐतिहासिक घटनासँग सामञ्जस्य राख्दछ।

१५ फरवरी १९४२ का दिन जापानी फौजले सिङ्गापुर आफ्नो कब्जामा लियो र लगभग ८५००० ब्रिटिस सेनालाई बन्दी बनायो (भण्डारी, इ सं २०१९, पृ–५६)। इ सं १९४२ सालको सेप्टेम्बर महिनामा यिनै कतिपय युद्धबन्दीहरूलाई लिएर जापानी सरकारको सहयोग र क्याप्टेन मोहन सिंहको नेतृत्वमा आजाद हिन्द फौज (इन्डियन नेसनल आर्मी) गठन गरियो जसको उद्देश्य भारतलाई अङ्ग्रेज

सरकारको शासनबाट मुक्त गराउनु थियो। ब्रिटिस भारतीय सेना त्यागेर आजाद हिन्द फौजमा भर्ना हुने सैनिकहरूमा गोर्खाहरू पनि थिए। लगभग १५००० गोर्खाहरू आजाद हिन्द फौज (आइएनए)–मा भर्ना भएको जानकारी पाइन्छ (भण्डारी, इ सं २०१९, पृ–१३९)। **बलिवेदी** उपन्यासमा जापानले युद्धबन्दी बनाएका मोहनकुमार थापा, रणधोजहरू आजाद हिन्द फौजमा भर्ना भएको प्रसङ्ग छ। उपन्यासमा वर्णित कालेब पहाडको युद्धमा आजाद हिन्द फौजका पक्षमा अमरसिंह थापा, गोपाल राणा, पारसराम, विसन राणा, कुलवीर थापा, लेफ्टेनेन्ट मनबहादुर, लेफ्टेनेन्ट नारायण राणा, मोहन थापा, पिर्थीमान र रणधोजहरू अङ्ग्रेज फौजविरुद्ध लडेका प्रसङ्गले (प्रियदर्शी, इ सं २००३, पृ–५८) आजाद हिन्द फौजमा गोर्खाहरूको बाक्लो उपस्थिति रहेको तथा ब्रिटिस फौजविरुद्ध लडेको तथ्यतिर सङ्केत गर्दछ। इ सं १९४३ सालको जुलाई महिनादेखि आजाद हिन्द फौजको नेतृत्व सुभाषचन्द्र बोसलाई सुम्पिइयो (भण्डारी, इ सं २०१९, पृ–१५७)। सुभाषचन्द्र बोसको नेतृत्वमा आजाद हिन्द फौजका सैनिकहरूले ब्रिटिस सेनाविरुद्ध बर्माका घना जङ्गल, नदी–नाला, पहाड–पर्वत, ग्रामीण र सहरी क्षेत्रमा युद्ध लडेका थिए। जापानी सेनाद्वारा युद्धबन्दी बनाएर सिङ्गापुर पुऱ्याइएका ब्रिटिस भारतीय फौजका सैनिकहरू मोहनकुमार थापा, हवल्दार रणधोज, पिर्थीमानहरू आजाद हिन्द फौजमा भर्ना भई भारत देशको स्वतन्त्रताका लागि बर्माका कालेब, लुआ, आराकान, मायु, बासा, चिन हिल, इरावदी, चिदविन आदि क्षेत्रमा ब्रिटिस सेनाविरुद्ध लडेका औपन्यासिक घटनाहरूले यही ऐतिहासिकता सिद्ध गर्दछन्।

युद्धबन्दी बनाइएका ब्रिटिस भारतीय सेनाका गोर्खा सैनिकहरू आजाद हिन्द फौजमा भर्ना भएपछि ब्रिटिस फौजविरुद्ध लडे। यस क्रममा ब्रिटिस पक्षका गोर्खा सैनिक र आजाद हिन्द फौजका गोर्खा सैनिकहरू एकाअर्का विरुद्ध युद्ध लडे र दुवैतिरका गोर्खा सैनिकहरू हताहत भए। उपन्यासमा ब्रिटिस गोर्खा फौज त्यागेर आजाद हिन्द फौजमा भर्ना भएका मोहनकुमार थापा, रणधोज र पिर्थीमान अनि ब्रिटिस गोर्खा फौजका सञ्चबीर लिम्बु, लाखमान राईबिच लुआ पहाडमा घमासन युद्ध भएको र त्यस युद्धमा मोहनकुमार थापाले लाखमान राईलाई मारेको वर्णन छ (प्रियदर्शी, इ सं २००३, पृ–५१)। यस औपन्यासिक घटनावलीले त्यही ऐतिहासिक तथ्यतिर सङ्केत गर्दछ। बर्मादेखि अघि बढ्दै आएका जापानी फौज र आजाद हिन्द फौजका सिपाहीहरूले कोहिमा, मणिपुर, इम्फाल आदि क्षेत्रहरूमा पनि अङ्ग्रेज फौजविरुद्ध युद्ध लडेका थिए। इ सं १९४४–मा भएको इम्फाल युद्धको वर्णन उपन्यासमा भेटिन्छ। सामरिक दृष्टिले महत्त्वपूर्ण मानिने पालेलको हवाई अड्डालाई आजाद हिन्द फौजले ध्वस्त गरिदिएको ऐतिहासिक घटनाको वर्णन **बलिवेदी** उपन्यासमा भेटिन्छ –

> यो दोस्रो विश्वयुद्धको इतिहासमा इम्फाल फ्रन्टको युद्धको विशेष कथा छ। युद्ध सुरु भयो। पालेलको हवाइ अड्डा ध्वस्त गराइसकेपछि मेजर प्रीतम सिंहको फौज पाहाडतिर चढ्न लाग्यो (प्रियदर्शी, इ सं २००३, पृ–५९)।...

यसरी जापानी फौजको सहयोगमा पालेलको हवाई अड्डा ध्वस्त गरिदिनु इतिहासकारहरूले एउटा महत्त्वपूर्ण घटना मानेका छन् (मजुमदार, इ सं १९८८, पृ–५९९)।  इम्फाल फ्रन्टमा आजाद हिन्द फौजका सुवास, गान्धी र आजाद तीनवटा ब्रिगेड्सले युद्ध लडेका थिए (भण्डारी, इ सं २०१९, पृ – २१८) जसको वर्णन उपन्यासमा भेटिन्छ।

दिन भएपछि अमेरिकी वायुसेनाले गान्धी ब्रिगेडमा धुमधामको बम वर्षा गऱ्यो। ...माथिबाट अमेरिकी बम र तल मसिनगनको प्रहार खप्न सकेनन् वीर आजाद फौजले। तीन दिनसम्म केही नखाई लड्दै रहे। क्याप्टन हरिमदन थापाको कोखामा बुलेट पसेको थियो। कर्परोल नन्दसिंह राईले बोकेर मेजर अकबर अली शाहकहाँ पुऱ्यायो। डाक्टर शाहले हरिमदनको गोली ता झिकिदिए तर पीडा सहन गर्दागर्दै पनि धेरै मात्रामा रक्त बगेकाले हरिमदनले वीरगतिको बाटो लिए (प्रियदर्शी, इ सं २००३, पृ–६०)।

दोस्रो विश्वयुद्धकालीन बर्माका विभिन्न युद्धक्षेत्रमा आजाद हिन्द फौजका गोर्खा सैनिकहरूले वीरतापूर्वक लडेका ऐतिहासिक महत्त्व राख्ने यस्ता औपन्यासिक घटनाहरूको चित्रण **बलिवेदी** उपन्यासमा थुप्रै भेटिन्छन्। उपन्यासमा ब्रिटिस गोर्खा फौजले जापानी फौज विरुद्ध लडेका युद्ध घटनालाई भन्दा आजाद हिन्द फौजमा भर्ना भई अङ्ग्रेज विरुद्ध गोर्खा सैनिकहरूले लडेका युद्धघटनालाई बढी महत्त्व दिइएको छ। यसरी महत्त्व दिइनाका पछाडि भारत स्वतन्त्रताका निम्ति नेपालीहरूले दिएको बलिदान र योगदानलाई प्रकाशमा ल्याउने अभिप्राय रहेको बुझिन्छ। उपन्यासकारले उपन्यासमा सुभाषचन्द्र बोसको मुखबाट यी कुरा भन्न पनि लगाएका छन् – म मरिगए पनि, भारत स्वतन्त्र भए पछि देश र देशवासीहरूले खड्गबहादुर र अन्य गोर्खाहरूले देश स्वाधीनता सङ्ग्राममा दिएको योगदानको अवश्य कदर गर्ने छन् (प्रियदर्शी, इ सं २००३, पृ–४८)। आजाद हिन्द फौजका बाल सेनानीहरू इन्द्रेणी थापा र सावित्री थापाले इ सं १९४४ सालमा नेताजी सुभाषचन्द्र बोसलाई बचाउन आफ्नो शरीरमा बम बाँधेर अङ्ग्रेजको ट्याङ्क ध्वस्त गरिदिएको (भण्डारी, इ सं २०१९, पृ–१७३) ऐतिहासिक घटनाको वर्णन उपन्यासमा रहेको प्रसङ्गले पनि यही कुरालाई सिद्ध गर्दछ।

## ३.२ आजाद हिन्द रेडियो र भीमबहादुर खड्का

ब्रिटिस विरोधी नीतिको प्रचार तथा भारतको स्वतन्त्रताका लागि भारतीय जनमत सङ्गठित गर्ने एवम् आजाद हिन्द फौजको गतिविधिबारे खबर प्रचार–प्रसार गर्ने उद्देश्यले सुभाषचन्द्र बोसले जर्मनीमा आजाद हिन्द रेडियोको स्थापना गरेका थिए। विभिन्न भाषामा समाचार र कार्यक्रमहरू प्रसारण गरिन्थ्यो जसमध्ये नेपाली पनि एउटा थियो। सिङ्गापुरको कैथे बिल्डिङमा अवस्थित आजाद हिन्द प्रसारण केन्द्रका नेपाली उद्घोषक, लेखक थिए कालेबुङ निवासी भीमबहादुर खड्का। उनी इ सं १९४२ मा आजाद हिन्द फौजमा भर्ना भएका थिए (भण्डारी, इ सं २०१९, पृ–१५८)। भीमबहादुर खड्काले

नेपाली भाषामा जोशपूर्ण उद्घोषणा गर्थे। गोर्खा फौजलाई ब्रिटिस सैनिक विरुद्ध निडर भएर लड्ने आह्वान गर्थे। **बलिवेदी** उपन्यासको सातौँ अध्यायमा आजाद हिन्द रेडियोबाट भीमबहादुर खड्काको जोसपूर्ण उद्घोषणा प्रसारित भएको र त्यसबाट प्रभावित भएर गोर्खा सैनिकहरू ब्रिटिस सेना विरुद्ध उत्साहपूर्वक युद्ध लडेको प्रसङ्ग भेटिन्छ।

### ३.३ दोस्रो विश्वयुद्धका कारणले भएको विस्थापन र पलायनको इतिहास

दोस्रो विश्वयुद्धका समय जापानी फौजले बर्माका सहरहरूमाथि हवाई हमला गर्न थालेपछि भयभीत र आतङ्कित बनेका नागरिकहरू आफ्नो जायजेथा छाडेर अन्यत्र पलायन हुन परेको ऐतिहासिक प्रसङ्ग उपन्यासमा भेटिन्छ। त्यस समय बर्माबाट भागेर धेरै नेपालीहरू दार्जिलिङ, खरसाङ, सिलगडी र संलग्न क्षेत्रमा आई बसेका थिए। यसरी बर्माबाट भागेर आउने नेपालीहरूलाई सहयोग गर्न खरसाङमा इ सं १९४२–मा शिवकुमार राईहरूले बर्मा शरणार्थी मुक्ति समिति पनि खोलेका थिए (दाहाल, इ सं २००१, पृ–९३)। सिलगडीको पाकुरतला मोड (अहिलेको आश्रमपाडा) र संलग्न क्षेत्रहरूमा बर्माबाट भागेर आउने नेपालीहरूले बस्ती नै बसाएका थिए जसलाई बर्मा बस्ती भनिन्थ्यो (तिवारी, इ सं २०१८, पृ–४५)। **बलिवेदी** उपन्यासका पात्रहरू बानिरा, कमला र शशि बर्माको मटिना सहरबाट भागेर दार्जिलिङ आएको प्रसङ्गले यही ऐतिहासिकता प्रकट गर्छ।

युद्धग्रस्त बर्माबाट भागेर आउँदा बाटामा रोग र भोकले हजारौँ मानिस मरेका घटना त्यस समय बर्माबाट भागेर दार्जिलिङ आई बसेका नन्दलाल रसाइलीले आफ्नो **पुस्तक बर्मादेखि भारत १९४२ : एक संस्मरण**मा लेखेका छन् – ''...हामी बढ्दै जाँदा मर्नेको सङ्ख्या झन् बढ्दै गयो। पहिले त मर्नेको सङ्ख्या गन्ती गर्दै जाँदै थियौँ तर पछि अटुट र असङ्ख्य हुँदा गन्ती गर्न छाड्यौँ'' (रसाइली, इ सं १९९९, पृ–६३)। त्यसरी नै दोस्रो विश्वयुद्धका समय बर्माको मचिनाबाट भागेर नेपालको मोरङ मिल्स एरिया नजिकै रहेको बर्मेली टोलमा पुगेकी सेकेन्ड कारेन बटालियनका जम्दार मानबहादुर आलेकी पत्नी चन्द्रमाया थापाले झलक सुवेदीलाई दिएको एउटा अन्तर्वार्तामा बर्माबाट भागेर आउँदा आफूले भोगेका दुःख र कष्ट यसरी सुनाएकी छन् – ''बाटोमा लासहरूको थुप्रो, झाडापखालाले ग्रस्त सबै उमेरका मान्छेहरू, तिनलाई छाड्नु पर्दा रोइरहेका तिनका आफन्त। कति रात त लासहरूकै छेउमा खाना खाइयो। लासको दायाँबायाँ सुतेर रात बिताइयो कति–कति'' (सुवेदी, इ सं ..., पृ–११९)। उपन्यासमा दोस्रो विश्वयुद्धका कारणले भएको यस्तो विस्थापन र पलायनको चित्रण याथार्थिक छ –

> बाटाका दुवैतिर रोगी, अधमरा र मरेकाहरूको लासहरू देखिन्छन्। कतिपय गोर्खाली आमाहरू नानीहरू च्यापेर आइरहेका छन्। धावामा लड्न जानेहरूको नासो उनीहरू छोड्न सक्तैनन्। कति

> आमाहरू दूधमुखे बालक–बालिका छोडेर मरिरहेका छन्। रोइरहेका नानीहरू आमाको निम्ति प्राणको भीख मागिरहेका छन्। कति आमाहरू नानीहरू सित्थै लगिदिने अनुरोध गरिरहेका छन्। एक ठाउँ कमलाले देखी... आमाको लाशमाथि रोई–रोई थाकेर भर्खरै आफै मरिरहेको सानो नानी। कति बूढी आमाहरू बुढा बाबू मरेकोले उतै बुढाकै लास अँगालेर बसिरहेका छन् (प्रियदर्शी, इ सं २००३, पृ २९–३०)।

**बलिवेदी** उपन्यासमा वर्णित दोस्रो विश्वयुद्धका कारणले भएको विस्थापन र पलायन, विस्थापनका क्रममा भोक र रोगका कारणले शरणार्थीहरूले भोगेका यातना र कष्ट एवम् पारिवारिक त्रासदीजस्ता घटनावली इतिहाससम्मत छन्। यसरी **बलिवेदी** उपन्यासले दोस्रो विश्वयुद्धका कारण बर्माबाट विस्थापित भएका शरणार्थीहरूको दुःख, कष्ट र व्यथाको इतिहास प्रस्तुत गरेको छ।

### ३.४ दोस्रो विश्वयुद्धकालीन बर्मा लडाइँको बर्बरता र पाशविकताको कथा

दोस्रो विश्वयुद्धका समय युद्धबन्दीमा परेका सेकेन्ड गोर्खा राइफल्सका भूतपूर्व सैनिक भक्तसिंह पुनमगरले जापानीहरूले युद्धबन्दीसँग कस्तो व्यवहार गर्थे भन्ने कुरा एउटा अन्तर्वार्तामा बताएका छन्– ''...जापानीहरू निकै नराम्रो व्यवहार गर्थे। नमरुन्जेल बाँचोस् भने जस्तो गरी यति थोरै खान दिन्थे कि भोकले सास धान्न पनि मुस्किल। ...कहिल्यै पनि पेट भर्ने गरी खान पाइएन। साथीहरू कति त त्यसै सुकेर मरे'' (सुवेदी, इ सं २०१२, पृ–६७)। **बलिवेदी** उपन्यासमा चित्रित फौजी सेल्युलर जेलमा जापानी सैनिकहरूले युद्धबन्दीहरूमाथि गरेका यस्ता अमानवीय र क्रूर व्यवहारको प्रसङ्ग यथार्थपरक छ–

> दिनभर जङ्गल फाँडेर बाटो बनाउने काम पर्दा दिनमा दुईपल्ट बर्मेली बगडा र मुसुरी दाल थाल–थालमा घोप्टाइदिइन्छ। हाड र छालाबाहेक केही छैन, प्राण राख्नै पनि हम्मे भइसक्यो (प्रियदर्शी, इं सं २००३, पृ–४६)।

युद्धबन्दीहरूलाई कठोर परिश्रम गराएर भरपेट खाना नदिइएको, उनीहरूसँग दुर्व्यवहार गरिएको, घाइते, कमजोर र बिमारी युद्धबन्दीहरूको निर्ममतापूर्वक हत्या गरिएको जस्ता औपन्यासिक घटनाहरूले दोस्रो विश्वयुद्धकालमा युद्धबन्दीहरूसँग भएका बर्बरता र पाशविकताको कथा भन्दछ। उपन्यासमा वर्णित लुआ पहाडको युद्धमा शत्रुको गोली लागेर एउटा गोरा सिपाहीको आन्द्रा भुँडी बाहिर निस्किएको र ब्रिटिस गोर्खा राइफल्सका सिपाही धनहाङ सुब्बाको गिदी बाहिर निस्किएको, बर्माको लियु जङ्गलमा

खाद्यान्नको कमी हुँदै गएपछि जापानी सैनिकहरूले अङ्ग्रेज पक्षका दुर्बल, घाइते र बिमारी हब्सी, आइरिस, अङ्ग्रेज र स्कटिस सैनिकहरूलाई खोलाको किनारमा उभ्याएर निर्ममतापूर्वक गोली ठोकी मारेका औपन्यासिक घटनाले पनि दोस्रो विश्वयुद्धकालीन बर्मा लडाइँको वीभत्स, बर्बर र पाशविक चित्र प्रस्तुत गर्छ।

## ३.५ बलिवेदी उपन्यासमा ऐतिहासिक पात्रको उपस्थिति

**बलिवेदी** उपन्यासमा ऐतिहासिक र काल्पनिक दुवै प्रकारका पात्रहरूको उपस्थिति रहेका छन्। उपन्यासमा रासबिहारी बोस, सुभाषचन्द्र बोस, जापानका तत्कालीन प्रधानमन्त्री तोजो, खड्गबहादुर बिष्ट, भीमबहादुर खडका, इन्द्रेणी थापा र सावित्री थापा आदि ऐतिहासिक पात्रका रूपमा रहेका छन् भने मोहन थापा, बानिरा, शशी, कमला, अन्डावल्नी बोज्यू, सब्जी बेच्ने किशोरी, दोकाने, ठिटो, पेन्सनर बुढा, यौवनकुमार, रणधोज आदि काल्पनिक पात्रहरू हुन्।

**बलिवेदी** उपन्यासको मूल पुरुष पात्र मोहनकुमार थापा हो। आजाद हिन्द फौजमा भर्ती हुने मणिपुरका मोहनसिंह थापा (भण्डारी, इ सं २०१९, पृ–१४९) र औपन्यासिक पात्र मोहनकुमार थापाका नाममा धेरथोर समानता देखिन्छ। त्यसरी नै अमरसिंह थापा, गोपाल राणा, पारसराम, विसन राणा, कुलवीर थापा, लाखमान आदि पात्रहरूको नाम पनि इतिहासमा भेटिन्छन्। उपन्यासकारले इतिहासबाट नाम टिपेर आफ्ना पात्रहरूको नामकरण गरेका हुन सक्छ अथवा यो एउटा संयोग मात्र पनि हुन सक्छ तर यी पात्रहरूको क्रियाव्यापारमा भने ऐतिहासिक आभास अनुबोध हुँदछ। मोहनले दोस्रो विश्वयुद्ध कालमा गल्लवालहरूका षड्यन्त्रमा परेर डिपोमा भर्ती भई अङ्ग्रेज सेनाका पक्षमा बर्मामा युद्ध लड्न पुगेका र युद्धको विभीषिका भोगेका लाखौँ गोर्खा युवाहरूको प्रतिनिधि गर्दछ भने युद्धका कारण पत्नीसँग बिछोडिएर दाम्पत्य जीवनको सुख भोग्न नपाएका गोर्खा सैनिकहरूको जीवनगत विसङ्गत यथार्थ पनि प्रकट गर्दछ।

उपन्यासको आठौँ अध्यायमा कलकत्तामा एउटा रेलगाडीमा चारजना गुन्डाहरूले एउटी युवतीलाई अपहरण गर्ने कोसिस गर्दा औपन्यासिक पात्र खड्गबहादुरले वीरतापूर्वक ती गुन्डाहरूसँग लडाइँ गरेर युवतीको उद्धार गरेको वर्णन छ। यस घटनाले इ सं १९२६ सालतिर मायादेवी नाउँ गरेकी एउटी नेपाली युवतीको उद्धार गर्न उसलाई कैद गरेर राख्ने कलकत्ताका व्यापारी हीरालाल अग्रवाललाई स्वतन्त्र सेनानी खड्गबहादुर बिष्टले खुकुरीले काटेर मारेको (राई, इ सं १९९२, पृ–१३–१५) घटनाको सम्झना गराउँछ। उपन्यासमा खड्गबहादुर बिष्टका पिताको नाम यौवनकुमार छ तर ऐतिहासिक व्यक्ति खड्गबहादुर बिष्टका पिताको नाम रूपसिंह बिष्ट रहेको जानकारी पाइन्छ (राई, इ सं १९९२, पृ–१३–१५)। औपन्यासिक पात्र खड्गबहादुर बिष्ट र ऐतिहासिक पात्र खड्गबहादुर बिष्टसम्बन्धी ती तथ्यबाहेक अन्य

कुरामा समानता देखिन्छ। दुवैका पिता सैनिक पेसासँग सम्बन्धित छन्। स्वतन्त्रता सेनानी खड्गबहादुर बिष्टका पिता फौजी जीवनपछि रेल्वे प्यासेन्जर सुपरिन्टेन्डेन्टका पदमा नियुक्त भएर कलकत्ता आएका हुनाले खड्गबहादुर पनि पितासँगै कलकत्ता आएका थिए र भारतको स्वतन्त्रताका निम्ति आइएनएमा संलग्न भएर जीवनको अन्त्यसम्म लडेका थिए (राई, इ सं १९९२, पृ १५) भने औपन्यासिक पात्र खड्गबहादुर पनि ब्रिटिस फौज छोडेर दार्जिलिङबाट कलकत्ता गई भारतको स्वतन्त्रता आन्दोलनमा संलग्न भएको वर्णन छ। यी तथ्यहरूले औपन्यासिक पात्र खड्गबहादुर बिष्ट इतिहास प्रसिद्ध स्वतन्त्रता सेनानी खड्गबहादुर बिष्टकै प्रतिरूप हुनाको सम्भावनालाई अघि सार्दछ।

**४ ऐतिहासिक तथ्यको प्रस्तुतिमा विचलन**

दोस्रो विश्वयुद्धको अन्तिम वर्षतिर आइएनएका सिपाहीहरू पक्रा पर्न थाले र धेरै युद्धबन्दीहरूलाई अङ्ग्रेज सरकारले प्राणदण्ड दियो। यसरी प्राणदण्ड भोग्नेहरूमा गोर्खा सैनिकहरू पनि थिए। उपन्यासमा मेजर दुर्गा मल्ल र कमिसन अफिसर दलबहादुर थापालाई अङ्ग्रेज सरकारले प्राणदण्ड दिएको वर्णन छ तर ऐतिहासिक तथ्य भने केही त्रुटिपूर्ण छन्। उपन्यासमा इ सं १९४४ सालको अगस्त महिनामा दिल्लीको लाल किल्लामा दुर्गा मल्ल र दलबहादुर थापालाई फाँसी दिइएको वर्णन छ –

> ...योभन्दा अघिल्लो साल ब्रिटिसहरूले दिल्लीको चाँदनी चोक अघिल्तिर उभिएको ऐतिहासिक लाल किल्लामा आइएनएका धेरैजना अफिसर र सैनिकहरूलाई फाँसी दिएको थियो। पोहोर अगस्त महीना चौँवालीसमा मेजर दुर्गा मल्ल र कमिसन अफिसर दलबहादुर थापालाई फाँसीको दण्ड भएको थियो। दुर्गा मल्ल आइएनएमा गुप्तचर विभागका कमाण्डर थिए। उनलाई कोहिमामा अङ्ग्रेजहरूले पक्राउ गरेका थिए।

ऐतिहासिक तथ्यानुसार १५ अगस्त १९४४ का दिन दुर्गा मल्ललाई लाल किल्लाबाट दिल्ली सेन्ट्रल जेलमा स्थानान्तरण गरेर २५ अगस्त १९४४ का दिन फाँसी दिइएको थियो (राई, इ सं १९९२, पृ–१७) भने दलबहादुर थापालाई १५ मार्च १९४५ मा लाल किल्लाबाट दिल्ली सेन्ट्रल जेलमा स्थानान्तरण गरेर ३ मई १९४५ का दिन फाँसी दिइएको थियो (भट्टराई, इ सं २००९, पृ–३९)। मेजर दुर्गा मल्ल २७ मार्च १९४४ का दिन कोहिमानजिक मणिपुरको उखरुल भन्ने ठाउँमा पक्रा परेका हुनाले (भण्डारी, इ सं २००९, पृ–२९०) कोहिमामा बन्दी बनाइएको ऐतिहासिक तथ्य पनि त्रुटिपूर्ण छ। उपन्यासमा भारतीय गोर्खाहरू मात्र आजाद हिन्द फौजमा भर्ती भए तर नेपालका गोर्खाहरू भर्ती भएनन् भन्ने सङ्केत गरिएको छ – ''मोहनकुमार र उसका भारतीय सिपाहीहरूले मैदानमा बाघ अङ्कित तिरङ्गा झण्डा टाँसिमागे।

अरू नेपालतिरका कैदीहरू सुभाषको विदामा देखा परेनन्...'' (प्रियदर्शी, इ सं २००३, पृ ४९-५०)। तर नेपालका सहिद धनबहादुर, केप्टन तुलबीर गुरुङ, केप्टन तिलबहादुर अधिकारी, चित्रबहादुर राणा, दुर्गाबहादुर खत्री आदि धेरै गोर्खा सैनिकहरू आजाद हिन्द फौजमा भर्ती भएर भारत स्वतन्त्रताका लागि ब्रिटिस फौजविरुद्ध लडेको थाहा लाग्दछ (भण्डारी, इ सं १९१९, पृ १५४)। उपन्यासमा खड्गबहादुर बिष्ट आफ्ना साथीहरू पदम र कालूसिँहसँग बोय भर्ती लागेर मेजर कुपर र क्याप्टन ह्विलरसँग कञ्चनजङ्गा चढेको, त्यहाँ रुसी सैनिकहरू क्याम्प हालेर बसेको, रुसी सैनिकहरूले उसका साथीहरू र अङ्ग्रेज अधिकारीहरूलाई मारेको, खड्गबहादुर बिष्ट भागेर आएको जस्ता घटनाहरूको पनि वर्णन छ (प्रियदर्शी, इ सं २००३, पृ-७४-७६)। यी घटनाहरूले कुनै ऐतिहासिक तथ्यलाई प्रमाणित गर्दैनन्।

ऐतिहासिक विवरणमा कतिपय विचलन भए तापनि यस्ता घटनाहरूको चित्रणले एकातिर गोर्खा फौजको वीरता र बलिदानको कथा प्रस्तुत गरेको छ भने अर्कातिर आजाद हिन्द फौज र गोर्खा सैनिकहरूको प्रगाढ सम्बन्धलाई देखाएर भारत स्वतन्त्रताका निम्ति गोर्खाहरूले दिएको बलिदानको गौरवपूर्ण इतिहास उपन्यासले प्रस्तुत गरेको छ।

## ५ निष्कर्ष

**बलिवेदी** उपन्यासमा इ सं १९३० देखि इ सं १९६५ सम्मको समयावधि कालगत परिवेशका रूपमा रहे तापनि मूलतः दोस्रो विश्वयुद्धकालीन घटनावली औपन्यासिक पृष्ठभूमिका रूपमा रहेका छन्। मुख्यतः इ सं १९४२ देखि इ सं १९४५-का बिचको घटनावली उपन्यासको कथानकीय घटनाका रूपमा आएका छन्। उपन्यासलाई ऐतिहासिकता प्रदान गर्ने प्रयासमा धेरै ऐतिहासिक घटनाहरूलाई एकै ठाउँ मिसमास पार्ने काम भएको छ जसका कारणले ऐतिहासिक तथ्यको प्रस्तुति टिपोटपरक भएको छ भने आख्यानात्मकता गौण बनेको छ। कतिपय घटनाहरू अताथ्यिक छन्। कतिपय ऐतिहासिक घटनाहरूको वर्णनमा क्रमिकता छैन। यस प्रकारको वर्णनले उपन्यासको ऐतिहासिक महत्त्वलाई क्षति पुऱ्याएको छ। दोस्रो विश्वयुद्ध कालीन ऐतिहासिक युद्ध घटनाहरूको वर्णन गर्दा गर्दै आकस्मिक अर्कै प्रसङ्ग आउनु यस उपन्यासको दुर्बल पक्ष हो। पहिलो अध्यायको सुरुमा दोस्रो विश्वयुद्ध सम्बन्धी कतिपय ऐतिहासिक तथ्यको चर्चा छ र अन्डावाल्नी बोज्यूको कथा जोडिएको छ। अध्याय दुई र तीनमा युद्ध घटनाहरूको वर्णन छ भने चारमा अन्डावाल्नी बोज्यू र सिङ्ला बजारमा भएको राम-लीलाको प्रसङ्ग आएको छ। अध्याय पाँचदेखि फेरि युद्धको वर्णन छ भने आठमा फेरि खड्गबहादुर बिष्टले कलकत्तामा देखाएको वीरताको कुरा छ अनि फेरि अन्तिम अध्याय नौमा दोस्रो विश्वयुद्धको अन्तिम क्षणतिरको वर्णन छ। दोस्रो विश्वयुद्ध सम्बन्धी विषयगत प्रस्तुतिको क्रमभङ्गताले इतिहाससिद्ध युद्ध घटनाहरूको इतिवृत्तात्मक आस्वादनमा व्यवधान उत्पन्न भएको छ। यति हुँदाहुँदै पनि गोर्खाहरूको वीरत्वपूर्ण बलिदानको गौरवमय

इतिहासलाई औपन्यासिकीकरण गरी भारत स्वतन्त्रताका लागि गोर्खाहरूले दिएको योगदानमाथि प्रकाश पार्न उपन्यासकार सफल बनेका छन्।

### सन्दर्भ


१. छेत्री समीरण प्रियदर्शी, इ सं २००३, **बलिवेदी**, तेस्रो संस्करण, गान्तोक, मन्दाकिनी प्रकाशन।

२. तिवारी मेघनाथ, इ सं २०१८, 'शिवमन्दिर : मेरा संस्मरणमा रहेका केही कुरा', खगेन्द्र गुरुङ (प्र सम्पा), **हाम्रो धरोहर**, सिलगडी, आश्रमपाडा गोर्खा शिवमन्दिर परिचालन समिति।

३. दाहाल मोहन पी, इ सं २००१, **दार्जिलिङका नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।

४. पुन रेशम, वि सं २०६९, **सेतो बाघ उपन्यासमा ऐतिहासिकता**, अप्रकाशित शोध पत्र, कीर्तिपुर, त्रिभुवन विश्वविद्यालय।

५. प्रधान कृष्णचन्द्रसिंह, वि सं २०६१, **नेपाली उपन्यास र उपन्यासकार**, चौथो संस्करण, ललितपुर, साझा प्रकाशन।

६ भट्टराई गङ्गाप्रसाद, इ सं २००९, **रगतले लेखिएको इतिहास**, खरसाङ, रजनी शर्मा।

७ रसाइली नन्दलाल, इ सं १९९९, **बर्मादेखि भारत १९४२ : एक संस्मरण**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।

८ राई एम पी, इ सं १९९२, **वीर जातिको अमर कहानी**, गान्तोक, आजको सिक्किम प्रकाशन।

९ लिम्बु रणशूर, वि सं २०१८, **बर्माको सम्झना**, काठमाडौँ, जगदम्बा प्रेस।

१० शर्मा मेदिनीप्रसाद, वि सं २०५४, **इतिहास के हो?**, काठमाडौँ, रत्न पुस्तक भण्डार।

११ सुवेदी झलक, इ सं २०१२, **ब्रिटिस साम्राज्यका नेपाली मोहरा**, काठमाडौँ, हिमाल किताब प्रा लि।

१२ John Parker, 2005, **The Gurkhas**, London, Headline Book Publishing.

१३ Bhandari Purushottam, 2019, **History of Gorkhas in INA**, Manipur, Gorkha Jyoti Prakashan.

१४ Majumdar R C, 1988, History of the Freedom Movement in India, Calcutta, Firma KLM Private ltd.


•